# स्थानीय राजपत्र


बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड १ बुटवल, फाल्गुण २९ गते, २०७४ साल संख्या २


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

## बुटवल उप महानगरपालिका विनियोजन ऐन, २०७४

**बुटवल उप महानगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना :** बुटवल उप महानगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बुटवल उप महानगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ :** (१)यस ऐनको नाम " बुटवल उप महानगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

*२.परिभाषा :*

क) "नगर सभा" भन्नाले बुटवल उपमहानगरपालिकाको नगर सभालाई सम्झनुपर्दछ ।

ख) "कार्यपालिका" भन्नाले बुटवल उप महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति" भन्नाले बुटवल उप महानगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगत शाखा" भन्नाले बुटवल उप महानगरपालिका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ) "संञ्चित कोष" भन्नाले बुटवल उपमहानगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३.**<u>आर्थिक वर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१)आर्थिक वर्ष २०७४/०७५ को निमित्त बुटवल उप महानगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत **१,६३,३५,७८,८०५.०० (अक्षेरुपी एक अरव त्रिसठी करोड पैतिस लाख अठहत्तर हजार आठ सय पांच रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकम वाहेक केन्द्र सरकार,प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. **<u>विनियोजन :</u>** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त बुटवल उप महानगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा बुटवल उप महानगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकम कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
***संञ्चित कोषबाट विनियोजन हुने रकम***

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | बुटवल उप महानगरपालिका नगर कार्यपालिका | २८३९५३०००.०० | ११२००००००.०० | ०.०० | ३९६१८१०००.०० | २४.२५ |
| २ | वडा समिति | ७२०३०००.०० | ८०८०००००.०० | ०.०० | ८७७७५०००.०० | ५.३७ |
| ३ | बिषयगत शाखा | ०.०० | ११३७१२२८०५.०० | ०.०० | ११३७१२२८०५.०० | ६९.६१ |
| ४ | ऋणको सावा व्याज भुक्तानी | १२५०००००.०० | ०.०० | ०.०० | १२५०००००.०० | ०.७७ |
| ५ | लगानी ( शेयर/ऋण) | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | ३०३६५६०००.०० | १३२९९२२८०५.०० | ०.०० | १६३३५७८८०५.०० | १००.०० |
| | **प्रतिशत** | **१८.५९** | **८१.४१** | | | |

आज्ञाले
भरत मणी पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०७४/०५/१२